# चौतारा साँगाचोकगढी नगरपालिकाको रासायनिक मल ढुवानीमा अनुदान कार्यविधि, २०७९

## स्वीकृत मितिः २०७९/०४/३१ गते

**प्रस्तावनाः**

चौतारा साँगाचोकगढी नगरपालिकामा दर्ता भई संचालनमा रहेका सहकारीहरुद्धारा यस नगरपालिका भित्रका कृषकहरुलाई सहज रुपमा मलको आुर्ति गरि कृषि बालीको लागि आवश्यक परेको समयमा रासायनिक मलको सहजता कायम राख्नको लागि सहकारीहरुले यस नगरपालिका भित्र भएका कृषकहरुलाई बिक्री वितरण गर्दा रासायनिक मल ढुवानी खर्चको लागि यस नगरपालिकाद्धारा बजेट व्यवस्था हुँदा ढुवानीमा अनुदान कार्यविधि तयार गरि लागू गर्न आवश्यक देखिएकोले यो कार्यविधि तयार गरि लागु गरिएको छ ।

### परिच्छेद –१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यो कार्यविधिको नाम चौतारा साँगाचोकगढी नगरपालिकाको रासायनिक मल ढुवानीमा अनुदान कार्यविधि,२०७९रहेको छ ।

२. यो कार्यविधि स्वीकृत भए पछि लागु हुने छ ।

३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ लाई सम्झनु पर्दछ ।

(ख) सहकारी भन्नाले सहकारी ऐन २०७४ अनुसार गठन भएको संस्था सम्झनु पर्दछ ।

(ग) रासायनिक मल भन्नाले वैज्ञानिक विधिद्धारा बाली विरुवाहरुलाई आवश्यक पौष्टिकता प्रदान गर्ने रसायनहरुको मिश्रण गरि तयार गरिएको मललाई जनाउछ ।

(घ) रासायनिक मल ढुवानीमा अनुदान भन्नाले यस नगरपालिकामा दर्ता भई रासायनिक मल बिक्री वितरण गर्ने सहकारीहरुद्धारा खरिद गरि ल्याईएको रासायनिक मल ढुवानी खर्च रकमलाई सम्झनु पर्दछ ।

### परिच्छेद–२
### रासायनिक मल ढुवानीमा अनुदान कार्यक्रम

४. **रासायनिक मल ढुवानीमा अनुदान कार्यक्रमको ढाँचा :** चौतारा साँगाचोकगढी नगरपालिका भित्रका कृषकहरुले लगाएको बाली नालीहरुमा आवश्यक परेको समयमा रासायनिक मल उपयोगमा सस्तो मुल्यमा कृषकहरुलाई मल उपलब्ध गर्नको लागि रासायनिक मल वितरक सहकारीहरुलाई रासायनिक मल ढुवानीमा अनुदान दिने र यस कार्यविधि बमोजिम रासायनिक मल ढुवानी गर्दा लाग्ने रकम उपलब्ध गराउने गरी कार्यक्रम संचालन गरिनेछ ।

(१) यस नगरपालिका भित्रका डिलरसिप प्राप्त रासायनिक मल वितरक सहकारी संस्था मार्फत् कार्यक्रम  संचालन गरिने छ ।

(२) रासायनिक मल प्रति बोरा ढुवानीमा नियमानुसार लाग्ने ढुवानी खर्च रासायनिक मल वितरक सहकारीले सम्बन्धित डिलरबाट मल खरिद विल तथा मल वितरण भर्पाइ पेश गरेको आधारमा मुल्य निर्धारण गरी रकम उपलब्ध गरिनेछ ।

## परिच्छेद–३
## कार्यक्रम संचालन

**५. ढुवानी अनुदान कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना प्रकाशित गर्ने र सूचना साथ निम्न विवरण पेश गर्ने ।**

(क) संचालक समितिको निर्णय प्रतिलिपी

(ख) कर चुक्ता प्रमाण पत्र प्रतिलिपी,

(ग) सहकारी दर्ता प्रमाण पत्र प्रतिलिपी,

(घ) डिलरसिप दर्ता प्रमाण पत्र प्रतिलिपी,

(ङ) रासायनिक मल खरिद तथा विक्री वितरण विल भर्पाई,

(च) सम्बन्धित वडा कार्यालयको सिफारिस,

६. कार्यक्रम छनौटः कार्यक्रम छनौट गर्दा चौतारा साँगाचोकगढी नगरपालिकाबाट रासायनिक मल विक्री वितरण गर्नको लागि छनौट भएका सहकारीहरुलाई मात्र कार्यक्रममा सहभागी गरिने छ । छनौटको लागि निम्नानुसारको छनौट समिति हुने छ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत अधिकृत | संयोजक |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| योजना शाखा प्रमुख | सदस्य |
| सम्बन्धित शाखा प्रमुख | सदस्य सचिव |

७. यसरी छनौट भएका डिलरसिप प्राप्त सहकारी संस्थाहरुले निम्नानुसारका प्रमाणहरु पेश भए पश्चात मूल्याङ्कन गरिने छ :

(क) संचालक समितिको निर्णय प्रतिलिपी

(ख) कर चुक्ता प्रमाण पत्र प्रतिलिपी,

(ग) सहकारी दर्ता प्रमाण पत्र प्रतिलिपी,

(घ) डिलरसिप दर्ता प्रमाण पत्र प्रतिलिपी,

(ङ) रासायनिक मल खरिद तथा विक्री वितरण विल भर्पाई,

(च) सम्बन्धित वडा कार्यालयको सिफारिस,

(छ) ढुवानी गर्दाको गाडीको ब्लु बुक, लाइसेन्स तथा रकम बुझिलिएको भर्पाइ,

## परिच्छेद –४
## कार्यक्रम संचालन तथा व्यवस्थापन

८. यस कार्यविधि बमोजिम यस नगरपालिका भित्र संचालन हुने रासायनिक मल ढुवानी अनुदान कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन र निर्देशन नगरपालिकाद्धारा गरिने छ ।

९. **कार्यक्रमको व्यवस्थापन :** चौतारा साँगाचोकगढी नगरपालिकाको स्वीकृत वार्षिक बजेटको सिमा भित्र रहि कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापन गरिने छ ।

१०. रासायनिक मल ढुवानी अनुदान प्राप्त सहकारीहरुले ढुवानी वापतको रकम कृषकसंग लिन पाइने छैन वा लिएको अवस्थामा नगरपालिकाबाट उपलब्ध गराइएको अनुदान रकम सम्बन्धित कृषकलाई फिर्ता गर्नुपर्नेछ ।

११. **कार्यक्रमको अनुगमन, मूल्यांकन :** कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नको लागि यस नगरपालिकाको उप प्रमुखको संयोजकत्वमा देहायका पदाधिकारी रहेको एक अनुगमन तथा मूल्यांकन समिति रहने छ ।

| | |
|---|---|
| उप प्रमुख | संयोजक |
| आर्थिक विकास समितिका संयोजक | सदस्य |
| प्रशासन शाखा प्रमुख | सदस्य |
| योजना शाखाको शाखा प्रमुख | सदस्य |
| सम्बन्धित शाखाको शाखा प्रमुख | सदस्य सचिव |

## परिच्छेद–५
## बजेट व्यवस्था

१२. चौतारा साँगाचोकगढी नगरपालिकाले वार्षिक बजेटमा कार्यक्रम स्वीकृत भए वा नगर कार्यपालिकाको वैठकबाट निर्णय भए पछि मात्र यस्तो कार्यक्रम संचालन गरिने छ । यसरी विनियोजन भएको बजेट यस कार्यविधिको अधिनमा रहि खर्च गरिने छ ।

१३. यस कार्यविधिको परिधि भित्र रही नगरपालिकाबाट छनौटमा परेको सहकारी संस्थालाई एक मुष्ट रुपमा स्वीकृत भए अनुसार ढुवानी खर्च भएको रकम नियमानुसार भुक्तानी गरिने छ । उक्त रकम असार मसान्त भित्र भुक्तानी लिई सक्नु पर्नेछ ।

१४. **खर्चमा बन्देज :** आर्थिक वर्षको वार्षिक बजेटमा कार्यक्रम समावेश नगरी वा नगर कार्यपालिकाको वैठकबाट कार्यक्रम स्वीकृत नगरी यस किसिमको खर्च गरिने छैन ।

१५. **पारदर्शिता र उत्तरदायित्व :** यस किसिमको कार्यक्रम संचालन गर्दा कार्यविधि अनुसार पारदर्शिता र उत्तरदायित्व कायम गरिने छ ।

## परिच्छेद–६

## विविध

१६. **रासायनिक मल ढुवानी अनुदान कार्यक्रमको सूचना व्यवस्थापन प्रणाली :** यस किसिमबाट कार्यक्रम संचालन भएको सम्पूर्ण अभिलेख व्यवस्थापन अद्यावधिक गरि राखिनेछ ।

१७. **कार्यविधि बमोजिम हुने :** रासायनिक मल ढुवानी अनुदान कार्यक्रमको अनुदान रकम यसै बमोजिम बनेको कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ ।

१८. **थपघट वा हेरफेर तथा बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्ने :** चौतारा साँगाचोकगढी नगरपालिकाले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा अड्काउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट गर्न आवश्यक निर्णय लिन सक्ने छ ।